विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १२४ ♦ २०८० साल माघ १० गते बुधवार ♦ 24 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेश सरकारबाट बाहिरए जनमत पार्टीः दुई मन्त्रीले बुझाए राजिनामा

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, महेन्द्रनगर**

जनमत मधेश सरकारबाट बाहिरएको छ।

सोमवार शिक्षा मन्त्री महेश प्रसाद यादवको नेतृत्वमा मुख्यमन्त्रीलाई भेटेर जनमतका दुई मन्त्रीले राजिनामा बुझाएका छन।

मुख्यमन्त्री सरोज कुमार यादवलाई जनमतका मन्त्रीद्वय महेश प्रसाद यादव र चन्दन सिंहले राजिनामा पेश गरेका हुन। यस अघि समर्थन फिर्ताको पत्र प्रदेश प्रमुख हरिशंकर मिश्रलाई बझाइएको जनमत सरकारवाट बाहिर भएको जानकारी गराउन मुख्यमन्त्रीसंग समय माग गरेको थियो।



पार्टीवाट यादव शिक्षा तथा संस्कृतीका साथै श्रम तथा यातायात मन्त्री पार्टी महासचिव चन्दन सिंह र कृषि तथा सहकारी राज्यमन्त्री संजय यादव रहेका थिए।

केही दिनदेखि मधेशमा जसपा र जनमत पार्टीबीच टकरावको स्थिति सृजना भएको छ।

माघ ३ मा मधेश स्वाभीमान दिवसको अवसरमा मुख्यमन्त्री यादवले एक वर्षे प्रगति विवरण सुनाउँदै गर्दा जनमत पार्टीले भ्रष्टाचार काण्डहरुको छानबिनको माग गर्दै प्रदर्शन गरेको थियो।

हिजोमात्रै सप्तरीको राजविराजमा जसपा अध्यक्ष उपेन्द्र यादव र मुख्यमन्त्री सरोजकुमार यादवले मधेश कृषि विश्वविद्यालय भवनको शिलान्यास गर्दा विरोध प्रदर्शन गर्ने क्रममा शिक्षामन्त्री यादव र जनमतका नेता कार्यकर्ताहरुमाथि प्रहरीले लाठीचार्ज गरेको थियो।

विश्वविद्यालयको सहकुलपति शिक्षामन्त्री यादव छन्। आफूसँग समेत सहकार्य नगरी शिलान्यास गरेको उनको आरोप छ।

सप्तरी २ बाट जसपा अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै जनमतका अध्यक्ष डा. सीके राउत विजयी भएका थिए। तर, उपेन्द्र यादवबाट विश्वविद्यालय भवनको शिलान्यास गराएपछि जनमतका मन्त्री र नेताहरु विरोधमा उत्रिएका थिए।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एस र लोसपा सरकारमा सहभागी छन्। १३ सांसद भएको जनमत पार्टी सरकारबाट बाहिरिए पनि सरकारलाई कुनै असर पर्ने देखिँदैन।

## शिक्षा क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले शिक्षा क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेर काम गरि रहेको बताउनु भएको छ।

मुख्यमन्त्री यादवले महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं ३ पाटुमा रहेको श्री जन जागृति माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको आज उद्घाटन गर्दै विद्यालय शिक्षा प्रदेश सरकारमा नरहे पनि प्रदेश सरकारले विद्यालय शिक्षाको सुधारका लागि बजेट विनियोजन गर्दै आएको बताउनु भयो।

यहाँले विगतमा विभेद भएका कारणले नै मुलुकमा सङ्घीयता आएको बताउँदै वर्तमान मधेश सरकार कसैसँग पनि भेदभाव नगर्ने प्रण गर्दै सङ्घीयतालाई बलियो बनाउन तथा शिक्षामा रहेको बेथितिहरूको समाधान गर्नका लागि माध्यमिक शिक्षाको अधिकार प्रदेश सरकारमा जानु

*बाँकी पृष्ठ २ मा*



## जनकपुरबाट १६ वर्षीय किशोर बेपत्ता

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, महेन्द्रनगर**

धनुषाका एक १६ वर्षीय किशोर बेपत्ता भएका छन्। धनुषाको शहिदनगर नगरपालिका-८, नाथपट्टी घर भई हाल जनकपुरको वकिल टोल बस्दै आएका १६ वर्षीय रोशन कुमार यादव सम्पर्क विहीन भएका हुन्।



जनकपुरमै कक्षा ११ मा अध्ययनरत उनी आइतबार बिहान ९ बजे घरबाट रिसाएर निस्केका थिए। तर, रोशन घर फर्केर नआउँदा र उनीसँग सम्पर्क पनि हुन नसक्दा परिवारमा सन्नटा छाएको छ। रोशनलाई कसैले देखे वा भेटेमा ९८०८५४५१८५ वा ९८१६८७०४०६ मा सम्पर्क गरी सहयोग गरिदिन परिवारजनले अपिल गरेका छन्।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा इद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# हराएको सीमा स्तम्भ पुनः गाड्दा नेपालीको खेतबारी भारतमा

**शैलेन्द्र महतो**
**माघ ९ गते, महेन्द्रनगर**

गत कात्तिकमा धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-५ का ५१ वर्षीय रामबुझाउन यादव घरनजिकै आफन्तको घरमा थिए ।

भारतीय सीमा सुरक्षा बल ( एसएसबी) का दुई जवान उनलाई खोज्दै घरमा आए । कसैले सुनाइदिए, 'तपाईंलाई त एसएसबीले खोजिरहेको छ ।'

'मैले केही गरेकै छैन, मलाई एसएसबीले किन खोजिरहेको छ' रामबुझाउन डराउँदै घर फर्किए ।

एसएसबीका जवानले सोधे, 'दशगजा (दुई देशको सीमाको बीचमा पर्ने खाली क्षेत्र) मा भएको धानखेत तपाईंको हो ?' रामबुझाउनले हो भनेपछि उनीहरुले तुरुन्तै धान काट्न आग्रह गरे । भर्खर धानको बाला लाग्न थालेको थियो । र ामबुझाउन धान पाकेपछि काटौंला भने । तर, एसएसबीका जवानले तत्कालै काट्नुपर्ने बताए ।

रामबुझाउनको चारकट्ठा जग्गाको करिब १० फिट टाढा नेपाल-भारतबीचको २८९ नम्बर सीमा स्तम्भको २ नम्बर सहायक पिलर छ । त्यो चार कट्ठामध्ये रामबुझाउनको नाममा २ र उनकी श्रीमती तेतरी देवी यादवको नाममा २ कट्ठा छ ।

एसएसबी घरमा आएकै दिन र ामबुझाउनले राम्ररी नपाकेको धान काटे । 'अब त्यति जग्गा छाडेर नै खोतीपाती गर्न भनेका छन् । हाम्रो प्रहरी केही बोल्दैन । उनीहरुसित लडेर पनि सम्भव छैन', उनको गुनासो छ ।

रामबुझाउनले त्यति जग्गामा अब खेती नलगाउने निधो गर ेका छन् ।

नेपाल भारतबीचको दशगजा भएर बग्ने जमुनी नदीले दुई दशकअघि धार परिवर्तन गरेको थियो ।

त्यस बेला केही सीमा स्तम्भहरु हराएका थिए । २०७५ सालतिर धनुषाका तत्कालिन प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेल र भारत विहार राज्यका मधुवनी जिल्लाका बीएम, दुबै देशका सीमा सुरक्षा बल सशस्त्र प्रहरी र भारतका एसएसबीसहितको टोलीले प्राविधिकबाट नापजाँच गरेर सीमा स्तम्भ गाडेका थिए ।

साविकको भन्दा नेपालतर्फ ५० देखि १०० मिटर भूमि मिचेर सीमास्तम्भ गाडेको स्थानीयको गुनासो छ । सीमा स्तम्भ गाड्ने बेला रामबुझाउनले थाहै पाएनन् ।

'पिलर गाडेको मलाई थाहै भएन । थाहा पाएपछि मैले गाउँका



अगुवाहरुलाई सोध्दा धेरैले जहाँ जहाँ मन लाग्यो त्यहाँ त्यहाँ गाडिदिए भने', रामबुझाउन बिगत सुनाउँछन् ।

गाउँका अगुवाहरुले, 'केही फर क पर्दैन, आफ्नो जग्गा जोतभोग गरे भइहाल्यो', भने । अहिले अचानक एसएसबीले यो दशगजा हो, खनजोत नगर्नू भनेपछि रामबुझाउन निराश छन् ।

'त्यतिबेला मेरो नम्बरी जग्गामा च्यापेर पिलर गाड्यो । अहिले नम्बरी जग्गामा खनजोत गर्न एसएसबीले रोक लगायो । यो त अन्याय नै हो नि !' उनी दुखेसो पोख्छन् ।

रामबुझाउनकै उक्त चार कट्ठाको सय मिटर उत्तरतर्फ र हेको १२ कट्ठामध्ये ३ कट्ठा जग्गा अहिले भारतीय भूमिमा परेको छ । यो १२ कट्ठामध्ये र ामबुझाउनको नाममा ६ र उनको भाइ बेचनको नाममा ६ कट्ठा छ । भारततर्फ परेको तीन कट्ठा रामबुझाउनले जोतभोग गर्नुका साथै मालपोत पनि तिर्दै आएका छन् ।

'सीमास्तम्भ नै भित्र च्यापेर गाडिदिएपछि मेरो जग्गा उतातिर परेको हो । मैले उब्जाउने गर ेको छु । अहिलेसम्म एसएसबीले रोकेका छैनन् । अब कुन दिन यो जग्गा पनि खनजोत नगर भनेर रोक्न बेर छैन', र ामबुझाउन भन्छन् ।

मुखियापट्टी मुसहरनिया गाउँपालिका-५ का पूर्ववडाध्यक्ष राम नरेश यादवले नापनक्सा र सीमा स्तम्भ गाड्ने बेला नेपालको प्रशासन कमजोर हुँदा थुप्रै स्थानमा भूमि अतिक्रमण भएको बताए ।

'त्यति बेला दुबै देशका प्रशासनले नेपाली गाउँदेखि नापी गरेर सीमासम्म कायम गऱ्यो । नेपाली प्रशासन लुज

***बाँकी पृष्ठ ३ मा***

# शिक्षा क्षेत्रलाई प्रदेश सरकारले ...

पर्ने धारणा राख्नु भयो ।

उहाँले मधेश प्रदेशको विकासको आधार नै कृषि क्षेत्र भएको चर्चा गर्दै प्रदेश सरकारले कृषि विश्व विद्यालयको भवन शिलान्यास गर्दा मधेश प्रदेशमा राजनीति भएकोमा चिन्ता व्यक्त गर्दै विकासमा राजनीतिक नगरी दिनका लागि सवैमा आग्रह गर्नु भयो ।

मुख्यमन्त्री यादवले बर्दिबासमा प्रदेशकै गौरवको योजना प्रदेश सरकारले सञ्चालन गर्न चाहेको बताउँदै यसका लागि बर्दिबास नगरपालिकालाई सहकार्यका लागि आग्रह गर्दै यस विद्यालयको लागि प्रदेश सरकार ले के गर्नु पर्दछ त्यो गर्नका लागि तयार भएको बताउनु भयो ।

कार्यक्रममा बोल्दै प्रतिनिधि सभाका सदस्य लक्ष्मी महतोले यस विद्यालयको भौतिक विकास सहित समग्र बर्दिबासको विकासका लागि आफू चिन्तित बनेको बताउनु भयो ।

पूर्वमन्त्री एवं नेकपा माओवादी नेता भरतप्रसाद साहले शिक्षाको विकास विना कुनै क्षेत्रको विकास सम्भव नभएकाले यस विद्यालयको विकासका लागि प्रदेश सरकारलाई लगानी गर्नका लागि आग्रह गर्नु भयो ।

बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लाद क्षेत्रीले श्रीजन जागृति विद्यालयले स्वर्ण महोत्सव मनाएकोमा खुशी व्यक्त गर्दै विद्यालयको भौतिक अवस्था कमजोर भएकाले पूर्वाधारको निर्माण र विकासमा ध्यान दिनका लागि प्रदेश सरकारसँग माग गर्नु भयो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**वृष-** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# हराएको सीमा स्तम्भ .......



हुँदा नेपाली भूमि अतिक्रम जगेरै सीमा स्तम्भ गाड्ने काम भयो', उनले भने ।

वडा नं १, ५ र ६ का गरी ४० भन्दा बढी किसानको १ देखि ५ कट्ठासम्म जग्गा भारतीय भूमिमा परेको उनले बताए । 'लालपूर्जा हुँदा पनि जग्गा भारतमा पर्दा खनजोत गर्न पाएका छैनन्', पूर्ववडाध्यक्ष यादवले भने ।

२०२६ सालमै सीमा क्षेत्रको जग्गा नापजाँच गरेर लालपूर्जा बाँडिएको थियो । त्यस बेलादेखि स्थानीयले आफ्नो जग्गाको कर तिर्दै आएको स्थानीय धर्मेन्द्रकुमार यादव बताउँछन् । २०७५ सालमा पिलर गाड्ने बेला आफूले जोतभोग गरेको भूमि मिचिएको देखेपछि स्थानीयले विरोध पनि गरे । तर नेपाल र भारतका उच्च सरकारी अधिकारीबीच सहमति भइसकेकाले उनीहरुको विरोधको अर्थ रहेन ।

'नम्बरी जग्गामा पिलर गाड्न खोज्दा एउटामा हामीले अवरोध गर्‍यौं । तर जबर्जस्ती यता र उताको प्रशासनले हाम्रो वास्ता नगरी गाड्यो । हाम्रो प्रशासन नै उसको साथमा थियो । त्यसैले हामी पनि केही गर्न सकेनौं' अर्का स्थानीय हरिश्चन्द्र यादवले भने ।

धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डे भने दुई देशको उच्च अधिकारीको सहमतिमा प्राविधिक टोलीले नापजाँच गरेर सीमा स्तम्भ गाडेको बताउँछन् ।

'दशगजामा उब्जाउने खेत, घर टहरा भर्खरै खाली गराउने काम भएको छ । दशगजामा कसैले केही गर्न पाउँदैन' प्रजिअ पाण्डे भन्छन् 'पब्लिकले भन्छन् मेरो उता पर्‍यो भनेर तर अब त समाधानै छैन । अब जनताले भन्दै गर्ने हामी सुन्दै गर्ने । त्यत्ति हो ।'

पुस २३ गते सीमा मिचिएको स्थलको निरीक्षणमा धनुषा क्षेत्र नं. ३ की सांसद जुलीकुमारी महतो पुगेकी थिइन् । उनले नेपाली प्रशासन र नापीका कर्मचारीको त्रुटी देखिएको बताइन् ।

'२०७९ साउनमा नापी कार्यालयसँग कागजात माग गर्दा त्यसमा लेखेरै दिएको छ कि यो भारतीय जग्गा हो भनेर । जबकी लालपूर्जा नेपाली छ, कर तिरिरहेका छन् । सरकारकै कमजोरीले यो सब भएको हो', उनले भनिन् ।

# राम मन्दिरको प्राण प्रतिष्ठामा बटेश्वर गाउँपालिकामा १००१ साधुशन्तको भण्डारा



**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, महेन्द्रनगर**

अयोध्यमा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठामा बटेश्वर गाउँपालिकामा आज एक हजार एक साधुशन्तको भण्डारा आयोजन गरिएको छ । नेपाल सनातन धर्म संरक्षण समिति बटेश्वर गाउँपालिकाले चन्दा संकलन गरी आज पालिका भित्रका साधुशन्तको भण्डारा आयोजन गरेको हो । हिजो भएको राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा हिजैदेअि बटेश्वर गाउँपालिका ४ बटेश्वर बजारमा सिताराम नामको २४ घण्टे नाम जाप पनि जारी छ । आज दिउँसो अष्टजाम समापन पश्चात एक हजार एक साधुशन्तको भण्डाराको आयोजन गरिएको धर्म संरक्षण समिति बटेश्वरका सदस्य रामपुकार महतोले जानकारी दिए ।

बटेश्वर गाउँपालिकमा स्थानीय रामचन्द्र कुशवाहा अध्यक्ष, बिन्दिलाल महतो कोषाध्यक्ष र महेन्द्र महतो सचिव रहेको सनातन धर्म संरक्षण समिति रहेको छ ।

दुईदिन अघि मात्र बटेश्वर गाउँपालिका १ लावकुश मन्दिर ले पनि राम मन्दिरको प्राण प्रतिष्ठामा साधुशन्तको भण्डारा गरेको थियो ।

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

गौशला नगरपालिका महोन्तरी

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

मनरासिस्वा नगरपालिका, महोत्तरी

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

पिपरा गाउँपालिका, धनुषा

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

एकडारा गाउँपालिका, महोत्तरी

# क्षीरेश्वरनाथ सुकुम्बासी बस्तीका १० जना सुकुम्बासी मुसहरलाई एकसाथ नागरिकता



**खबर दर्पण समाचारदाता**
**माघ ९ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाका सुकुम्बासी बस्तीका १० जनालाई एकसाथ नागरि कता प्रदान गरिएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषाले क्षीरेश्वरनाथ नगर पालिका ३ पकडियाका सुकुम्बासी मुसहर बस्तीका १० जनालाई एकसाथ नागरिकता प्रदान गरेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपानी पाण्डेले आइतबार बस्तीका १० जनलाई एकैसाथ नागरिकता प्रदान गर ेको जानकारी दिनुभयो ।

विपन्नता र अशिक्षाको कारण लामो समयदेखि उनीहरु नागरि कताबाट बञ्चित थिए। बस्तीकै मोतिलाल सदा ४८ वर्षमा नागरिकता प्राप्त गर्नुभएको छ। उहाँसंगै वस्ती कै अनिता कुमारी सदा, इन्द्र रेखा सदा, विनिता कुमारी सदा, लरुवती देवी सदा, सरिता सदा, रामबाबु सदा, दिपेन्द्र सदाले नागरिकता प्राप्त गर्नुभएको छ।

केहीदिन अघि सो वस्तीमा नागरिकता विहीनका लागि हेल्भेटास नेपालको सहजीकर णमा मानव कल्याण समाज नेपाल संस्थाले आयोजना गरेको एक कार्यक्रममा प्रजिअ पाण्डे पुग्नु भएको थियो। कार्यक्रममा उनीहरु लामोसमयदेखि नागरिकता नपाएको गुनासो गरेका थिए। कार्यालयमा जाँदा पनि कागजी प्रक्रिया पूरा गर्न नसक्दा बञ्चित रहेको गुनासोपछि कार्यालयमै बोलाएर उनीहरुलाई नागरिकता प्रदान गरेको प्रजिअ पाण्डेले बताउनुभयो ।

प्रजिअ पाण्डेका अनुसार थप ७ जनालाई कानुनी प्रक्रिया पूरा गरी छिट्टै नागरिकता प्रदान गरिने छ ।-

# पत्रकार महतोमाथि दुर्व्यवहार गर्ने माथि कारवाही कहिले ?

**खबर दर्पण समाचारदाता**
**माघ ९ गते, बर्दिवास**

महोत्तरीका पत्रकार राजकरण महतोलाई संघीय राजधानी काठमाडौंमा दुर्व्यवहार भएको छ ।

महोत्तरीको बर्दिबास नगर पालिका-१३ विजलपुरा घर भई हाल काठमाडौंस्थित अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत पत्रकार महतोमाथि दुर्व्यवहार भएको तीन दिन बितिसक्दा पनि दोषीलाई कारबाही हुन नसकेकोमा सञ्चार सम्बद्ध विभिन्न संघसंगठनले आपत्ति जनाएका छन् ।

नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिका महासचिव रोशन पुरीले साम्प्रदायिक विभेदपूर्ण गाली गलौच गर्ने बसका सह-चालक र चालकलाई अविलम्ब कारबाहीको माग गर्नुभएको छ ।

नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाको सचिव समेत रहनुभएका पत्रकार महतोलाई आइतबार सडक किनारमा हिँडिरहेको समयमा सुन्दरीमाई यातायात (चक्रपथ परिक्रमा) बा २ ख ४५३४ नम्बरको गाडीका कन्डक्टर र चालकले साम्प्रदायिक सद्भाव बिथोल्ने भाषाबाट दुर्व्यवहार गर्नुका साथै कुटपिटको प्रयास समेत गरेपछि महासङ्घ केन्द्रीय समितिका महासचिव पुरीले मंगलबार विज्ञप्ति प्रकाशित गर्दै दोषीलाई पक्राउ गरी आवश्यक कार बाही गर्नुपर्ने माग गर्नुभएको हो ।

“महासङ्घ हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्न सर कारसँग माग गर्दछ । साथै, महासङ्घ घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कार बाही गर्न सम्बन्धित पक्षसँग माग गर्दछ,” महासचिव पुरीले प्रकाशित गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

पत्रकार महतोले दोषीलाई अविलम्ब पक्राउ गरेर कानुनी दायरमा ल्याई न्याय दिलाउन सरोकारवाला निकायसँग अनुरोध गर्नुभएको छ। पत्रकार महतोले मधेसी आयोगमा पनि उजुरी दायर गर्नुभएको छ ।

यसैबिच सङ्घीय राजधानी काठमाडौंमा भएको दुर्व्यवहार भेदभावजन्य घटनाविरुद्ध महोत्तरीको बर्दिबासमा विरोध प्रदर्शन समेत गरिएको छ । घटनाको विरोध गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन पत्रकार, साहित्यकार, कलाकार सहित स्थानीय युवाले शान्तिपूर्ण प्रदर्शन गरेका थिए ।

बर्दिबासस्थित सिन्धुली रोडमा साम्प्रदायिक सद्भाव बिथोल्न खोज्नेलाई कानुनी कारबाही गर , पत्रकार राजकरण महतोमाथि भेदभावजन्य दुर्व्यवहार गर्नेलाई पक्राउ गर, रङ्ग र पहिरनको आधारमा गरिने विभेद अन्त्य गर, बहुजातीय पहिचानको रक्षा गर सहितका नारा उल्लेखित प्लेकार्ड बोकेर साङ्केतिक विरोध गरिएको थियो ।

घटना सम्बन्धमा नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखा, मधेसी पत्रकार समाज, जिल्लास्थित नेपाल प्रेस युनियन, प्रेस सेन्टर नेपाल, बर्दिबास नगर पत्रकार सञ्जाल, तराई मधेस सांस्कृतिक अनुसन्धान प्रतिष्ठान बर्दिबास, गौशाला नगर पत्रकार सञ्जालसहितका पत्रकारसंम्वद संघसंस्थाले छुटाछुटै प्रेस विज्ञप्ति निकालेर घटनाको भर्त्सना गर्दै दोषीलाई अविलम्ब पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाउन माग गरेका छन् ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**नगराईन नगरपालिका, धनुषा**



## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

**औरही गाउँपालिका, धनुषा**



## R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

## हनुमान

शो समय १२-३ , ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा